
# लेखापरीक्षण प्रतिवेदन

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/274

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खोटाङ्ग ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२ करोड ४६ लाख ६७ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३६ लाख ७५ हजार र अन्य कार्यक्रमको रु. २१ लाख ६२ हजार समेत गरी रु.२३ करोड ५ लाख ४ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु २ अर्ब २९ करोड ६१ लाख १ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ९६ लाख ६२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु ११ लाख ६० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रू. २ करोड ८५ लाख २ हजार रहेको छ । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू.१० लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३७ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.९७ लाख २३ हजार र पेस्की बाँकी रु.१ करोड ३९ लाख ७२ हजार रहेको छ। गत वर्षसम्म रु.२४ करोड २१ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड २३ लाख ९५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य व्यहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका व्यवस्थापनमा रहेको छ। दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | ६४ | २,९६,६२,७३२ | ० | १७ | ११,६०,५४६ | ० | ५४ | ४७ | २,८५,०२,१८६ | १०,७४,२४९ | ९७,२२,९४६ | ३७,३२,६६० | ० | ० | १,३४,५५,६०६ | १,३९,७२,३३० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | २४,२१,३४,७३६ | ० | ५,९३,१७,१८३ | १८,२८,१७,५५३ | १,१०,७५,२७७ | २,८५,०२,१८६ | २२,२३,९५,०१६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ९९ | सुरक्षित आवास कार्यक्रम पेश्की | १,०४,४०,००० |
| २ | २०७८/७९ | १२.२ | पेश्की बाँकी | ३,६७,५७,५०० |
| ३ | २०७९/८० | ६१.१ | ग्रासरुट फुटवल प्रतियोगिता | १,२०,००० |
| ४ | २०७९/८० | २७ | पेश्की बाँकी | १,१३,४१,००० |
| ५ | २०७९/८० | ७१ | त्यार्पाचुङ्ग निर्माण सेवाबाट गुणस्तर परिक्षण | ३५,००० |
| ६ | २०७९/८० | ७५ | भरपाई पेश नभएको | १,३६,३०० |
| ७ | २०८०/८१ | २४ | लगतकट्टा | १६,३३३ |
| ८ | २०८०/८१ | १८ र १९ | भ्रमण खर्च | २०,५५० |
| ९ | २०८०/८१ | २० | बिल भरपाई नभएको | १८,००० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | ३५.४ | प्रमाण पेश नगरेको | १०,००० |
| ११ | २०८०/८१ | १२.२ | पेश्की व्यवस्थापन | ६,०१,००० |
| १२ | २०८०/८१ | २१.२ | आन्तरिक आय | २४,६६३ |
| १३ | २०८०/८१ | १३ | सक्कल विल | २०,००० |
| १४ | २०८०/८१ | २८.१ | शिक्षा तर्फ | ४,५०,००० |
| १५ | २०७४/७५ | २८ | पाइप तथा हिलटेंक वितरणको भपाई पेश भएको | ४८७३८३ |
| जम्मा | | | | ६,०४,७7,7२९ |

# (८०१०८४०१३०० - दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटांग )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १५ वडा रहेको छ भने क्षेत्रफल २४६.५१ वर्ग किलोमिटर तथा ४६ हजार ९०३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१७ देखि २०८१ ।०६।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययतर्फ रु. २,२९,६१,०१,०७२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५७०३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सरुवा तथा अवकाश पश्चात शिक्षकलाई निकासा भएको, छात्रबृत्ति बढी निकासा तथा मागफारामभन्दा बढी निकासा भएको रकम बेरुजु दाखिला । | २३३४९३ |
| २ | बिल पेश नगरी पि.एस. आईटम भुक्तानी भएको रकम बेरुजु दाखिला । | २३५४३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसारयस वर्षको प्राप्ति रु.३२,०५,०६,५७९.४४ र यस वर्षको भुक्तानी रु.३१,६४,१५,१५,७०१.५९ फरक परेको छ । पालिकाको सुत्र (म.ले.प. फा.न. २७२) अनुसार आ.व. २०७९।८० मा गतवर्षको जिम्मेवारी रु.६,०८,८८,७७३.०८ रहेकोमा सोहि मौज्दात यसवर्षको जिम्मेवारी हुनुपर्नेमा सुत्र (म.ले.प. फाराम २७०) अनुसार गतवर्षको जिम्मेवारी रु.७,४४,९३,३३१.०६ देखाएको छ । जसअनुसार गतवर्षको लेखापरीक्षण प्रतिवेदनभन्दा रु.१,३६,०४,५५८।- बढी जिम्मेवारी सारेको देखियो । बढी जिम्मेवारी सम्बन्धमा एकिन गरेर सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६०८८८७७३.०८ | ८१६७३२३१२.५६ | ८४२४४६४७९.६६ | ३९२६६४८३.४८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६०८८८७७३.०८ | ११३७२३८८९२ | ११५८८६२१८१.२५ | ३९२६६४८३.४८ |
| फरक | ० | ३२०५०६५७९.४४ | ३१६४१५१५७०१.५९ | ० |

२.३ **कार्यसञ्चालन तथाअन्यकोषः** पालिकामा रहेका विभिन्न १५ कोष खाताहरुमा आ.व. २०८०।८१ मा गत वर्षको जिम्मेवारी रु.७८ लाख ०४ हजार रहेकोमा यसवर्ष रु.१ करोड ६४ लाख ५१ हजार आम्दानी भएकोमा रु.१ करोड ४२ लाख २ हजारखर्च भई रु. १ करोड ५३ हजार मौज्दात बाँकी देखिन्छ । जसको अवस्था देहायअनुसार रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.४ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२,४६,६७,४०८।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३६,७५,०००।-, र अन्य रु.२१,६२,०००।- समेत गरी रु.२३,०५,०४,४०८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ बजेट तथा कार्यक्रम

३.१ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**व्यक्तिगत फर्म तथा व्यवसायलाई बजेट विनियोजनः** स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ४ मा समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरुलाई प्राथमिकता दिई नगरपालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार व्यक्तिगत फर्म तथा व्यवसायलाई बजेटमा नै व्यवस्था गरि सहयोगको रुपमा उपलब्ध गराउने कार्य गरेको देखिएकोले समाजका सबै वर्गलाई समान सहभागिता हुन पाउने र सबैलाई अधिकतम लाभ प्राप्त हुने गरी बजेट तर्जुमा गर्नुपर्दछ ।

| भौ.नं./मिति | फर्म | कार्यक्रम | गरेको काम | रकम रु. |
|---|---|---|---|---|
| १७४। २०८१।०१। २४ | भुमिका बंगुर फर्म | व्यवसायिक बाख्रापालन व्यवसाय | २० वटा बाख्रा खरिद | १९८३०० |
| १८७। २०८१।०१। ३१ | उर्मिला कृषि तथा पशुपालन फर्म | बाख्रापालन व्यवसाय प्रवर्धन कार्यक्रम | १६ वटा बाख्रा खरिद | १४४००० |
| २५४। २०८१।०३। १० | बेशिटोल महिला समुह | बंगुरपालन व्यवसाय प्रवर्धन कार्यक्रम | बंगुर खरिद | १४४००० |
| १६०। २०८१।०१। १४ | नमुना कृषिजन्य सामाग्री प्रशोधन केन्द्र | स्थानीय कृषि उपज प्याकेजिङ्ग, ब्राण्डिङ्ग र बजारीकरण कार्यक्रम | | १९२००० |
| १९०। २०८१।०१। ३१ | नगदेबाली तथा बाख्रापालन समुह | महिला कृषकको लागि नगदेबाली व्यवसाय प्रवर्धन कार्यक्रम | १४ वटा बाख्रा खरिद | १४४००० |
| २९८। २०८१।०३। १९ | थुम बिहानी कृषि तथा पशुपंक्षि समुह वडा नं. १४(२०८० सालमा स्थापना भएको) | बाख्रापालन व्यवसाय प्रवर्धन कार्यक्रम | २१ वटा बाख्रा,मेसिनरी औजार र खोर निर्माण | १३३८८६० |

३.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(बजेट रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २४१९३० | ३१०५ | ३१७३७ | ५३७१६ | १५३३७२ | ९१९३० |
| प्रतिशत | १०० | १.२८ | १३.११ | २२.२० | ६३.४१ | ३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२४ करोड १९ लाख ३० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३१ लाख ५ हजार (१.२८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड १७ लाख ३७ हजार (१३.११ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ३७ लाख १६ हजार (२२.२० प्रतिशत) र चौथो त्रैमासिकमा रु.१५ करोड ३३ लाख ७२ हजार (६३.४१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड १९ लाख ३० हजार (३८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३.५ **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल १५० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका र वडास्तरीय | १५० | ० | ४५ | १०५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२२५३३५०० | ९८५११२६९ | ११.६९ |
| २ | पूर्वाधार विकास | ८०८२०५०० | ७७२१८२८० | ९.१७ |
| ३ | सामाजिक विकास | ६१८९०२९०० | ५२८२५१२२६ | ६३.८९ |
| ४ | बातावरण तथा विकास | ८४२०००० | ६८७९६७० | ०.८२ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २५९७०००० | १५४१०४९० | १.८३ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३५४८११०० | १०६१७५५४४ | १२.६० |
| **जम्मा** | | **९९२१२८०००** | **८४२४४६४७९** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६३.८९ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.८२ प्रतिशत रहेको छ ।

३.७ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४

को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२४,१९,३०,२६०।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.८ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,२३,२४,८५५।-राजस्व बाँडफाँड र अनुदानबाट रु.८७,५०,८५,१८६।- समेत रु.८८,७४,१०,०४१।-आम्दानी भएकोमा चालु तर्फ रु.६०,०५,१६,२२०।-र पूँजिगत तर्फ रु.२४,१९,३०,२६०।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२२,६४,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ९९.५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका संघ र प्रदेशसँग नबाझिने गरी पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नगरेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक नगरेको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• पालिकाले बेरुजु तथा संपरीक्षणको अवस्था देखाउने म. ले. प. फाराम ८०१ – बेरुजु लगत र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम पालिका तथा पालिकामा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.२ **सूचना प्रविधि सम्बन्धिः** सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले विगत बर्षहरुमा खरिद गरिएका सफ्टवेयरहरु देहाय अनुसार रहेकोमा प्रयोगमा रहे/नरहेको सम्बन्धमा विवरण पेश भएन । कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;

- म. ले. प. फारामहरु विद्युतीय प्रणाली प्रयोगकर्ता विवरण, परिवर्तन र स्थगन माग फाराम तथा अभिलेख ९०१ र ९०२ को प्रयोग गरेको छैन।

- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।

सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | सफ्टवेयरको नाम | प्रयोजन | रकम (भ्याट सहित) | खरिद गरेको मिति |
|---|---|---|---|---|
| 1 | योजना व्यवस्थापन प्रणाली (PMIS) | योजना व्यवस्थापन | रु. 3,79,680।- | 2079।12।24 |
| 2 | स्मार्ट रोड सफ्टवेयर (Smart Road Software) | रोड डिजाईन, स्टिमेट | रु. 1,50,000।- | 2080।01।11 |
| 3 | एकीकृत कर संकलन प्रणाली | राजश्व, कर असुली | रु. 3,95,500।- | 2077।06।22 |

**(विस्तृत विवरण बेरूजु दफा ४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.३ **ईन्धन खर्च सम्बन्धमाः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी प्रयोगकर्ताको विवरण र सवारी गुडेको किलोमिटर देखिने विवरण उल्लेख गरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेर ईन्धन खर्च भुक्तानी गरेको छैन । सवारी लगबुक सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख नगरी राखेकोले ईन्धनमा भएको खर्च रु.४६ लाख ६७ हजार वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ ।

**मर्मत संभार तथा संरक्षण अभिलेख फारामः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले म. ले. प. फाराम ४१५ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख तथा म.ले.प. फाराम ४१४ मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम नराखी सवारी साधन मर्मत तथा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालनमा रु.६१ लाख ६ हजार खर्च गरेको देखियो। स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी सवारी साधन मर्मत अभिलेख खर्च गर्नुपर्दछ ।

४.४ **खर्चमा मितव्ययिताः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (च) मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट खर्च नगरिएको सुनिश्चित हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार शिर्षकहरुमा खर्च गर्दा सवारी गुडेको किलोमिटर उल्लेख गरी सवारी लगबुक नराखेको, भ्रमण गर्नुको कारण र उद्वेश्य उल्लेख गरी भ्रमण प्रतिवेदन तयार नगरेको, अनुगमन समिति बनाई अनुगमन मुल्याङ्कन नगरेको तथा एउटै कार्यमा दोहोरो हुने गरी अनुगमन गरेको देखिएकोले उक्त कार्यहरु मितव्ययी तवरले सम्पादन भए नभएको एकिन गर्न सकिएन । यसवर्ष नगरपालिकाको चालुतर्फ ६० करोड ५ लाख १६ हजार खर्च भएकोमा कर्मचारी तथा पदाधिकारी वैठक भत्ता, अनुगमन तथा भ्रमण खर्च, कर्मचारी प्रोत्साहन तथा ईन्धन र विविधमा भएको खर्च रु.२ करोड ११ लाख ४५ हजार (कुल चालु खर्चको ३.५२ प्रतिशत) रहेको छ । पालिकाले सरकारी रकम खर्च गर्दा काममा दोहोरोपना नहुने गरी, निश्चित मापदण्ड निर्धारण गरेर खर्च पुष्ट्याई गर्ने प्रतिवेदन, भ्रमण प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा म.ले.प फारामहरुको अवलम्बन गर्नुपर्दछ ।

| सि.नं. | खर्चको शिर्षक | खर्च रकम (रु.हजारमा) |
|---|---|---|
| **जम्मा चालु खर्च** | | **६००५१६** |
| १ | कर्मचारी पदाधिकारी बैठक र अन्य भत्ता | ७९१० |
| २ | अनुगमन मुल्याङ्कन र भ्रमण खर्च | ४७४६ |
| ३ | ईन्धन पदाधिकारी र कार्यालय प्रयोजन | ४६६७ |
| ४ | विविध खर्च | २७१३ |
| ५ | कर्मचारी प्रोत्साहन र फिल्ड भत्ता | ६२५ |
| ६ | विविध कार्यक्रम खर्च | ४८४ |
| **बैठक, भ्रमण, प्रोत्साहन, विविध र इन्धन खर्चको जम्मा** | | **२११४५ (३.५२%)** |

४.५ **आन्तरिक लेखापरीक्षण व्यहोराः** स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै संपरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि असुल फछ्र्यौट गराएको छैन । अतः पालिकाले कारोबारसँग सँग सम्बन्धित अधिकारीलाई समेत जिम्मेवार बनाई निम्नानुसार बेरुजु असुल फछ्र्यौट गर्नुपर्ने रु.

| क्र.स | गो.भौ.नं र मिति | वेरुजुकोव्यहोरा | रकम |
|---|---|---|---|
| १ | २६९/२०८१/०३/१९ | **संघीय शसर्त अनुदान चालु तर्फः** जनजागृति मा.वि. डाँडागाउँलाई विद्यालयमा शैक्षिक गुणस्तरमा सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत रु.६,५०,०००/- अनुदान उपलब्ध गराएकोमा विद्यालय सम्म सामाग्रि उपलब्ध गराउन कार्यादिश समेत दिएको र विद्यालयबाट पेश भएका विल भर्पाई जम्मा रु. ६,४४,८४३/- मात्र पेश गरेको देखिएकोले विल भर्पाई भन्दा वढी भुक्तानी भएको रकम रु. ५१५७/- विद्यालयबाट असुल उपर हुनुपर्ने | ५१५७ |
| २ | ३१३/२०८०/१०/२५ | **वित्तिय समानिकरण पुँजिगत तर्फः** अलैंचेवारी खा.पा.यो. उ.स. वडा नं. ३ को रकम भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन तथा पेश भएका विल भर्पाई बमोजिम रु.१९०,१७२/- मात्र भुक्तानीको लागि सिफारिस भई आएको तर कार्यालयले कन्टिन्जेन्सि रकम रु.३९६०/- सहित थप गरि रु.१९५०६०/- भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु. ४८८८/- असुल गर्नुपर्ने रु... | ४८८८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०४५ |

४.६ **लेखापरीक्षण प्रतिवेदनः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गराएको भएतापनि प्रतिवेदन आर्थिक वर्ष समाप्त भएपश्चात एकैपटक गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत

सहित १५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०९ स्थायी र ४० स्वीकृत दरबन्दी करारमा गरी १४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२९,१८,००३।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएकोले आवश्यक जनशक्तिको माग आकृती फाराम प्रदेश लोकसेवा आयोगमा पठाई कर्मचारी पूर्ति गर्नुपर्दछ ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| इन्जिनियर | १ जना | ५२४२६८ |
| सव- ईन्जिनियर | ४ जना | ६५४०८२ |
| असिष्टेण्ट सव- ईन्जिनियर | १ जना | ४२७७२६ |
| नायब प्राविधिक सहायक | ५ जना | ४८१३३३ |
| सहायक कम्प्युटर अपरेटर | १ जना | ४२७७२६ |
| कम्प्युटर अपरेटर | १ जना | ४०२८६८ |
| जम्मा | | २९,१८,००३।- |

५.३ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.६,२५,०००।- प्रोत्साहन भत्ता खर्च गरेको छ । पालिकाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७६ पारित गरेको भएतापनि कर्मचारीको कार्यसम्पादन मापन गर्ने सूचक, अतिरिक्त कार्य गर्ने क्षेत्र तथा कार्यप्रकृति र समय निर्धारण नगरेकोले प्रोत्साहन भत्ता खर्च लेख्ने कार्य मितव्ययी देखिएन। पालिकाले आन्तरिक आयलाई समेत विचार गरी कार्यसम्पादन सूचक मापन भएको देखिने गरी प्रोत्साहन भत्ता खर्च लेख्नुपर्दछ ।

## ६ सेवा प्रवाह

६.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६.२ **फोहरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६.३ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

७.२ **जिन्सीः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

७.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था रहेकोमा यो नगरपालिका र वडा कार्यालयहरुमा रहेको घरजग्गाको क्षेत्रफल र सङ्ख्या, बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधनको विवरण, अतिक्रमणमा परेको जग्गा तथा अतिक्रमण हटाउन गरेको प्रयास आदिको विवरण तयार गरेको देखिएन । पालिकाले सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था एकिन गरी सम्पुर्ण सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी विवरण तयार गर्नुपर्दछ ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध

गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ६वटा नियमावली, ५८कार्यविधि लगायत ८८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

८.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ५ गरी कुल १५ विवाद दर्ता भएकोमा २ वटा मात्र फर्स्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ९ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता कार्यविधि, २०७९ तयार गरी विभिन्न ८६ संघसंस्था र व्यक्तिहरुलाई रु.१०,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,२३,२४,८५५।- को ८.११ प्रतिशत हुन आउँछ । कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति तथा संस्थाको वास्तविक पहिचान गरी आन्तरिक आय समेतलाई ध्यान दिई सहायता वितरण गर्नुपर्दछ।

## १० अनुदान प्राप्ती, वितरण र उपयोग

१०.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १५ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ९४ जनालाई औसत ८३.४४ दिनले ७८४३ दिन रोजगारी उपलव्ध गराई रु.५३,६४,६१२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१०.२ **नाफामूलक संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्बेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष पालिकाले हलेसी एफ.एम. रेडियोलाई मर्मत संभार र संरक्षणको लागि रु.५,००,०००।- अनुदान उपलब्ध गराएको देखियो। ऐन विपरीत नाफामूलक संस्थालाई मर्मत संभार र संरक्षणको लागि अनुदान दिएको नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

## ११ आन्तरिक आय, कर तथा शुल्क

११.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको

मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

११.२ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,८०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१,२३,२४,८५५।- अर्थात अनुमान भन्दा३१.५३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

११.३ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६९२६६४४३९ | १२३२४८५६ | १.७८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११.४ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | १५००००० | २२७९४७१ | १५२ |
| घरजग्गा वहाल कर | ३०००००० | ४०६२७८८ | १३५ |
| व्यवसाय कर | १२००००० | १५६५१०० | १३० |
| अन्य राजश्व | ५९००००० | १०००३८३ | १६.९५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११.५ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१६५,१००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १२ पेश्की व्यवस्थापन

१२.१ **पेश्की फछ्र्योंटः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र खर्च प्रमाणित गर्ने बिल, भर्पाई र कागजातसहित पेश्की फर्छयौट गर्नुपर्ने उल्लेख छ। नियमावली बमोजिम सामान्यतयाः एउटा पेश्की फछ्र्योंट नगरी अर्को पेश्की दिन मिल्ने देखिँदैन । तर पालिकाले निम्नानुसार व्यक्तिहरुलाई विभिन्न कार्यक्रमको लागि दिएको पेश्की फछ्र्योंट नगरी पुनः पेश्की दिएको र पेश्की लगेको ३ देखि ९ महिनासम्म ढीलोगरी आर्थिक वर्षको अन्तमा मात्र फर्छयौट गरेको छ। सामान्यतयाः एउटा पेश्की फछ्र्योंट गरेपश्चात मात्र थप कार्यक्रमको लागि पेश्की दिई समयमै कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| गोश्वारा भौचर र मिति | पेश्की लिनेको नाम | कार्यक्रमको नाम | पेश्की रकम | फछ्र्योंट मिति |
|---|---|---|---|---|
| १४।२०८०।६।२४ | खेमराज आचार्य | पोषण विशेष कार्यक्रम | ४५०००० | २०८१।३।१ |
| | | CBIMNCI कार्यक्रम | २५०००० | २०८१।२।१३ |
| १५।२०८०।६।२४ | दिक्षिका शाक्य | मातृ तथा नवशिशु कार्यक्रम | ४००००० | २०८१।९।१३ |
| ३०।२०८०।७।२० | मिनप्रसाद आचार्य | वित्तीय साक्षरता कार्यक्रम | १९९००० | २०८१।३।६ |
| ४४।२०८०।८।२५ | सन्तोषकुमार राई | सरोकारबालासँग अन्तरक्रिया | १९५००० | २०८१।३।१ |
| ५८।२०८०।९।१२ | राजकुमार राई | सामाजिक अभीमुखीकरण कार्यक्रम | २३०५०० | २०८१।३।१५ |
| ९४।२०८०।११।१ | प्रेम बहादुर के.सी. | शिक्षक मेन्टरिङ तथा विद्यालय सुप. | २७५००० | २०८१।२।३१ |
| १३३।२०८०।१२।२७ | खेमराज आचार्य | क्षयरोगमुक्त स्थानीय तह कार्यक्रम | ६००००० | २०८०।२।१३ |

१२.२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले २ वटा संस्थालाई दिएको पेश्की रु.१,२६,५८,४००।- र २ वटा उपभोक्ता समितको रु.१३,१३,९३०।-आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई म्याद नाघेको पेश्की रु.१,३९,७२,३३०।- बाँकी रहेको देखिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली बमोजिम कार्यसम्पन्न र बील भरपाईको आधारमा उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु..

| मिति | गोश्वारा भौचर | पेश्की लिनेको नाम | पेश्की रकम | फछ्यौंटको म्याद |
|---|---|---|---|---|
| २०८०/१२/२० | ३८ | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ६८९९०० | २०८१/०१/२५ |
| २०८०/१२/२० | ३८ | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | २२२११०० | २०८१/०१/२५ |
| २०८१/०३/२३ | ९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ६२९७०० | २०८१/०४/२७ |
| २०८१/०३/२३ | ९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | १०९६७०० | २०८१/०४/२७ |
| २०८१/०३/२३ | ९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ३५२१००० | २०८१/०४/२७ |
| २०८१/०३/२३ | २९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ३०३४९०० | २०८१/०४/२७ |
| २०८१/०३/२३ | २९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ९४०५०० | २०८१/०४/२७ |
| २०८१/०३/२३ | २९० | सरस्वती उच्च माध्यामिक विद्यालय दिक्तेल | ५२४६०० | २०८१/०४/२७ |
| **जम्मा** | | | **१२६५८४००** | |
| उपभोक्ता समिति | | | | |
| २०८०/०९/१८ | ३ | राई कुलो सिंचाई योजना | २३०००० | २०८०/१०/२४ |
| २०८०/०९/१८ | १३ | राई कुलो सिंचाई योजना | २७५००० | २०८०/१०/२४ |
| २०८०/०९/१८ | १३ | राई कुलो सिंचाई योजना | ४२५००० | २०८०/१०/२४ |
| २०८०/०९/१८ | ३१ | राई कुलो सिंचाई योजना | २२५००० | २०८०/१०/२४ |
| २०८०/११/०१ | ८० | घट्टे कुलो सिंचाई जल उ. स. वडा नं. ८ | १५८९३० | २०८०/१२/०६ |
| **जम्मा** | | | **१३१३९३०** | |
| **कुल जम्मा पेश्की** | | | **१३९७२३३०** | |

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४०१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १,३९,७२,३३० |

१३ **सक्कल विल**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्ि गर्ने बिल ,भरपाई ,प्रमाण र कागजात समेत संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले कार्यालय छपाई तथा सूचना प्रकाशनको लागि निम्नानुसार पार्टीहरुलाई भुक्तानी गर्दा सक्कल बिल पेश नभएकोले सक्कल विल पेश गर्नुपर्दछ।

| भौ.नं मिति | भुक्तानी प्राप्त ब्यक्ति वा संस्था | भुक्तानी रकम |
|---|---|---|
| ७६ २०८०।७।३ | जियोग्राफी न्युज नेटवर्क प्रा लि | ४०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

१४ **प्राविधिक बिल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१५ **कर समायोजन नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा ५ प्रतिशत धरौटी वापत राखेको रकम फिर्ता गर्दा सम्बन्धित सेवा प्रदायकले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कर समायोजन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले एम.ए.डब्लु अर्थ मुभर्स प्रा.ली. लाई कार्यसम्पन्न पश्चात रु.२,६१,५००।- धरौटी कट्टी फिर्ता गर्दा सम्बन्धित राजश्व कार्यालयमा मु.अ. कर समायोजन गरेको पत्र संलग्न गरेको छैन। खरिद नियमावली बमोजिम एम.ए.डब्लु अर्थ मुभर्स प्रा.ली. लाई रिटेन्सन मनी फिर्ता गरेको मु.अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६१,५०० |

१६ **बढी भुक्तानी** (२०२/२०८०-९-१९):

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्ि गर्ने बिल ,भरपाई ,प्रमाण र कागजात समेत संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले चालु खर्च शिर्षकबाट हलेसी एफ एम स्टुडियो मर्मतको बिल भुक्तानी रु.२७८९५६ हुनुपर्नेमा रु.२९७६०० भएकोमा बढी बिल भुक्तानी रु.१८६४४ सम्बन्धित व्यक्तिबाट अशुल गर्नुपर्दछ।रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,६४४ |

१७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **भ्रमण खर्च** (४४९-२०८१-१-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१९ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था रहेको छ ।पालिकाका बिभिन्न वडामा कार्यरत पदाधिकारीहरुले बैठक समयमा समेत भ्रमण भत्ता बुझिएको हुदा दोहोरो भुक्तानी भएको देखिन्छ।तसर्थ भ्रमण अवधिमा बुझिएको पदाधिकारीहरुको बैठक भत्ता रु.४२५० अशुल गर्नुपर्दछ।

| गौ.न मिति | पदाधिकारीको नाम | दोहोरो भुक्तानीको मिति | रकम |
|---|---|---|---|
| ३६६ २०८०।१२।८ | दिलकुमारी जोशी | २०८०।८।१२ | ८५० |
| ४०६ २०८०।१२।२६ | पवन श्रेष्ठ | २०८०।१०।१९ | ८५० |
| ४२६, २०८१।१।९ | मोहन प्रसाद आचार्य | २०८०।१०।९ | ८५० |
| ६२४ २०८१।३।१६ | गोमा ढकाल | २०८१।२।२५ २०८१।१।२ | १७०० |
| | जम्मा | | ४२५० |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

२० **बिल भरपाई नभएको** (२५१-२०८०-१०-२२):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **आन्तरिक आय**

२१.१ **असुली गर्न बाँकी आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगतदेखि र यो वर्ष

बन्दोबस्त गरेको सपिङ्ग कम्प्लेक्स ठेक्कामा निस्ता ताम्राकारबाट रु.८,३१,०००।- असुल गर्ने बाँकी रहेको छ । ऐन तथा सम्झौता अनुसार सटरबाट प्राप्त गर्न रकम जरिवाना सहित असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम (प्रतिमहिना)** | **२०७९।८० को बाँकी** | **२०८०।८१ को बाँकी** | **जम्मा बाँकी** |
|---|---|---|---|---|---|---|
| १ | निस्ता ताम्राकार | सपिङ्ग मल सटर नं.१ | १५००० | ४५००० | १८०००० | २२५००० |
| | | सपिङ्ग मल सटर नं.२ | १५००० | ४५००० | १८०००० | २२५००० |
| | | सपिङ्ग मल सटर नं.३ | १५००० | ४५००० | १८०००० | २२५००० |
| | | सपिङ्ग मल सटर नं.३ | १३००० | ० | १५६००० | १५६००० |
| जम्मा | | | ५८००० | १३५००० | ६९६००० | ८३१००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३१,००० |

२१.२ **राजस्व असुलीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१,५६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **२३,०९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२ **प्रमाण पेश नगरेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको कार्यमा खर्चलाई पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात पेश गरेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्दछ ।

२२.१ (३३९-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । सातु उद्योग व्यवस्थापन तथा संचालन अन्तर्गत बजार मूल्य भन्दा २० प्रतिशत कम मूल्यमा सातु उत्पादन गरी बिक्रि गर्नको लागि भिन्तुना कृषि तथा पशुपंक्षि फर्मलाई मेसिनरी औजार तथा सातु बनाउने सामाग्रीको लागि रु. ३९५००० भुक्तानी गरेकोमा स्थलगत अवलोकन गर्दा मेसिन जडान गरेको तथा उत्पादन गरेको नदेखिएकोले मेसिन जडान गरी सातु उत्पादन भएको प्रमाण पेश गर्नपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९५,००० |

२२.२ घरेलु तथा परम्परागत उद्योगबाट उत्पादित कृषि औजार (कुटी, घाँस काट्ने हाते औजार) खरिद तथा वितरणको लागि समृद्धि आरन तथा ग्रिल सेन्टरबाट १७८ थान रु. ४९०८ का दरले खरिद गरी बिल रकमको ७५ प्रतिशतले रु. ६५५२०० भुक्तानी गरेकोमा ११३ जनालाई वितरण गरेको र ६५ वटा औजार स्टोरमा मौज्दात रहेको देखिन्छ । सामाग्री वितरण गर्दा मागका आधारमा खरिद गरी मौज्दात नरहने गरी गर्नुपर्दछ ।

२२.३ (७०१-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ । दलित सिप विकास प्रवर्धन कार्यक्रम अन्तर्गत एट्रुजेड अर्डर एण्ड सप्लायर्सबाट रु. ९६०००० लागतका कम्बाईन मिल, टेलरिङ्ग मेसिन, कम्प्युटर र प्रिन्टर जस्ता सामाग्री खरिद गरी खोटाङ्ग दलित विकास मञ्च नेपाललाई वितरण गरेको भनिएकोमा वितरण गरेको भरपाई पेश नभएको तथा सिप विकास प्रवर्धन कार्यक्रमबाट सामाग्री वितरण गरेको देखिएकोले उद्देश्य विपरीत सामाग्री वितरण गरेको नियमसंगत देखिदैंन ।

| | |
|---|---|
| अनियमित भएको | ९,६०,००० |

२३ **कानुनी परामर्श** (७३७-२०८१-३-२४):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई आबश्यक गरेका बेला कानुनी परामर्श सेवा उपलब्ध गराउने गरी नारायणदास राईसँग २०८०।१२।२९ मा सम्झौता भएको र सम्झौताको बुँदा नम्बर ३ मा सेवा उपलब्ध गराए बापत कार्यप्राप्तिको आधारमा एकमुष्ठ वा पटक-पटक गरी कानुनी परामर्श शिर्षकबाट पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराईने उल्लेख छ । कार्यालयले पारमर्शदाताले पेश गरेको दररेट र निवेदनका आधारमा रु. ३५०००० भुक्तानी गरेको छ । कार्यको विवरण र सो बापतको पारिश्रमिक निर्धारण नगरिएको तथा परामर्शदाताले कार्य प्रतिवेदन पेश नगरी निवेदनका आधारमा भुक्तानी गर्नु नियमसंगत देखिदैंन ।

| | |
|---|---|
| अनियमित भएको | ३,५०,००० |

२४ **लगतकट्टा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्थाछ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्दा मृत्यु भै सकेका व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनुपर्दछ । देहायका व्यक्तिहरुको मृत्यु पश्चात समेत निजहरुको खातामा रकम निकाशा भएको देखिन्छ ।कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरुको खातामा रकम निकाशा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

| वडा | नाम | मृत्यु भएको मिति | नागरिकता नं. | रकम निकासा अवधी | दर (प्रति महिना) | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५ | इश्वर धन चाम्लिङ | २०८०।७।३ | | दोस्रो,तेस्रो त्रैमासिक | ४००० | २३५६० |
| १४ | राम बहादुर कामी | २०८०।६।२९ | ३।९३२१।१७१७ | दोस्रो,तेस्रो त्रैमासिक | ४००० | २४००० |
| | जम्मा | | | | | ४७५६० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **४,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **३,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,५६० |

२५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुल, २०७७ को परिच्छेद ६ बुँदा ६.२ मा कार्यक्रमको प्रभावकारी अनुगमनका लागि एक नतिजामा आधारित व्यवस्थापन सूचना प्रणाली (Result Based Management Information System)को स्थापना गरी कार्यान्वयन गरिने र अनुगमन मुल्याङ्कनलाई सफ्टवेयरको माध्यमबाट नजितामा आधारित कृषि व्यवस्थापन सूचना प्रणाली विकास गरी व्यवस्थित गरिने उल्लेख छ । हालसम्म मन्त्रालयले उक्त परियोजना कार्यान्वयनको प्रगती अवस्था मापन गर्ने कुनै सूचना प्रणाली र सूचक समेत तयार गरेको देखिएन । पालिकामा आ.व. २०७९।८० मा स्थापना भई संचालनमा रहेका निम्नानुसार कार्यक्रमको अनुगमन र मुल्याङ्कन गर्न सूचना प्रणाली प्रविधि तयार नहुँदा लाभग्राही दोहोरिने, कार्यक्रमको निरन्तरता नहुने र लाभग्राहीको लागत सहभागिता समेत सनिश्चित गर्न नसकिने जोखिम रहन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

| गोश्वारा भौचर र मिति | कार्यक्रमको नाम | समूहको नाम | अनुदान रकम |
|---|---|---|---|
| २८७।२०८१।३।२२ | सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम | न्यु केउरिनी कृषक समूह | २८५३०० |
| २८८।२०८१।३।२२ | सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम | मयुरडाँडा सामुदायिक कृषि फर्म | २८७९४७ |
| **जम्मा** | | | **५७३२४७।-** |

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको उद्धेश्यमा प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने, निर्यातयोग्य कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुहरुको मुल्य अभिबृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने र कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायको रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने रहेको छ । परियोजनाले उपर्युक्त उद्धेश्यहरु पुरा भए नभएको मापन गर्ने स्पष्ट सूचक र आधार सम्झौतामा उल्लेख गरेको छैन। कुनै क्षेत्रमा कार्यक्रम सुरुहुनुभन्दा पहिलेको लाभग्राहीको आर्थिक, सामाजिक र उद्यमशिलता सिर्जनाको अवस्था एकिन गरी कार्यक्रम सञ्चालन गर्ने र त्यसपश्चातको लाभग्राहीको आर्थिक, सामाजिक अवस्थामा आएको फरक मापन गरेर असर र प्रभाव देखिने गरी उद्धेश्य अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

- **प्रगति प्रतिवेदनः** परियोजना कार्यान्वयन म्यानुल, २०७७ को क्रियाकलाप नं. ४.१.१३ मा स्थानीय तहको पशु तथा कृषि शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईलाई पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले आ.व. २०७९।८० मा स्थापना भई संचालनमा रहेका बाख्रा र फलफुल पकेट विकासमा यसवर्ष भएको अनुदान खर्चको प्रगति सम्बन्धित निकायमा पेश गरेको देखिएन । कार्यविधि बमोजिम चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

२६ **पशुपन्छी तथा मत्स्य र कृषि विकास कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरीत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८० को परिच्छेद ५(१३) मा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन पशु सेवा विभागमा पठाउनु पर्ने र सम्बन्धित कार्यालयले सार्वजनिक जानकारीको लागि अनुदानग्राहीको विवरण नियमित अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समूह गठन गरी निम्नानुसार ४ वटा कार्यक्रम सञ्चालन गरी रु.३६,०६,९०८।- अनुदान भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

| गोश्वारा भौचर र मिति | व्यक्ति/समूहको नाम | अनुदान रकम |
|---|---|---|
| **५० प्रतिशत अनुदानमा गाई तथा भैँसी प्रवर्द्धन कार्यक्रम** | | **७३०७००** |
| १८५।२०८१।२।२८ | पञ्चकन्या बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्म | २६०००० |
| २७९।२०८१।३।२० | तोरीबारी कृषक समूह | २४५००० |
| २८१।२०८१।३।२१ | आर वि वाई कृषि तथा पशुपन्छी फर्म | २२५७०० |
| **बाँझो जग्गामा फलफुल उत्पादन प्रवर्द्धन कार्यक्रम (प्रदेश हस्तान्तरीत)** | | **१९०२९०८** |
| १७।२०८१।३।२२ | उर्बरा कृषि फर्म | ४७६५०८ |
| १८।२०८१।३।२२ | हसेरा पञ्चगुणराज बहुउद्देश्यीय कृषि फर्म | ४७९९०० |
| २१।२०८१।३।२२ | दुर्गा फलफुल तरकारी तथा विरुवा उत्पादन बहुउद्देश्यीय कृषि फर्म | ४७८६०० |
| २०।२०८१।३।२२ | एस फोर कृषि फर्म | ४६७९०० |
| **दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (संघीय)** | | **९७३३००** |
| २९९।२०८१।३।२३ | नेपाली दुध उत्पादन कृषक समूह | ९७३३०० |
| **जम्मा** | | **३६०६९०८।-** |

- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरीत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि,२०८० र प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरीत कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८० को परिच्छेद-४ बुँदा नं. ४७ बमोजिम अनुदानको विवरण वेभसाईट वा सूचनापार्टीमा नियमित रुपमा अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने र तालुक निकायमा प्रतिवेदन पठाउनु पर्नेमा सो कार्य गरेको छैन। कार्यविधि बमोजिम सार्वजनिक खर्चको अधिकतम् पारदर्शिता र जनसहभागिता कायम हुनेगरी कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ ।

- पालिका र अनुदानग्राहीहरु बीच भएको सम्झौताको बुँदा नं.१६ मा तोकिए बमोजिमको ढाँचामा कार्यक्रमको मासिक र चौमासिक प्रतिवेदन अनुदानग्राहीले पालिकालाई पठाउनुपर्ने उल्लेख छ । पालिकाले सम्झौताबमोजिम अनुदानग्राहीबाट कार्यक्रमको मासिक तथा चौमासिक प्रतिवेदन प्राप्त गरेको छैन भने अनुदान रकमको प्रयोग र प्रयोजन सम्झौता बमोजिम नै भए नभएको अनुगमन समेत गरेको देखिएन । सम्झौता बमोजिम प्रगती विवरण लिई अनुदान रकम प्रयोजन अनुरुप खर्च गरेको सुनिश्चित गर्नुपर्दछ ।

२७ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १ वर्ष ६ महिना वाँकी हुनुपर्ने

तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय चालु बजेट उप- शिर्षकबाट मेडिगोल्ड इन्टरनेशनल प्रा.लि. सँग रु.१२,६२,६००।- को सोझै समेत यसवर्ष रु.३४,४०,२४०।- औषधि खरिदमा खर्च गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२८ **शिक्षा तर्फ**

२८.१ (१३०-२०८०-१२-२७):

**बील भरपाई नभएको:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.२ (३१३-२०८१-३-२४):

**पढ्दै कमाउदै कार्यक्रम:** पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को बुँदा नं.९.२ मा कार्यक्रम संचालनका लागि विद्यालयलाई सुरुमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने, विद्यालयबाट कार्ययोजनामा उल्लिखित कार्यक्रमहरुको कार्यप्रगतिको अनुगमन गरी सोको आधारमा बाँकी ५० प्रतिशत अनुदान दिने र विद्यालयले सम्पादित कार्यको प्रगति स्थानीय तह तथा केन्द्रको शैक्षिक प्रविधि शाखामा उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम कार्यान्वियनको लागि पञ्च मा.वि. दिक्तेललाई एकमुष्ट रु.५,००,०००।- अनुदान उपलब्ध गराएको छ । कार्यविधि बमोजिम विद्यालयलाई सुरुमा ५० प्रतिशत र प्रगति प्रतिवेदनको आधारमा थप ५० प्रतिशत अनुदान उपलब्ध गराई अनुगमन नगरी विद्यालयबाट सम्पादित कार्यको प्रगति समेत तयार नगरी खर्च गरेकोले सो कार्यक्रम कार्यविधिले तोकेबमोजिम नै खर्च भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले कार्यविधि बमोजिमको प्रक्रिया अवलम्बन गरी अनुगमन र सम्पादित कार्यप्रगतिको आधारमा अनुदान खर्च गर्नुपर्दछ ।

२८.३ (२७७-२०८१-३-२०):

**नमुना विद्यालय अनुदान:** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.१.२ मा नमुना विद्यालयको लागि स्वीकृत गुरुयोजनाको आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ मा उल्लिखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्राबास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधारका लागि विनियोजित बजेटको कार्यप्रगति सहित आवश्यक बजेटको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आ.व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गर्ने र नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने उल्लेख छ । पालिकाले सरस्वती उच्च माध्यमिक विद्यालय दिक्तेललाई आ.व. २०७९।८० मा दिएको रु.५०,००,०००।- पेश्की फछ्र्यौट गरी भुक्तानी दिएकोमा उक्त आ.व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण नगरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरेको र नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाएको समेत देखिएन । कार्यक्रम कार्यान्वियन पुस्तिका र निर्देशिका बमोजिम सम्झौता गरी नियमित अनुगमन पश्चात अनुदान खर्चको प्रगति विवरण तयार गर्नुपर्दछ ।

२९ **लोक सेवा तयारी कक्षा संचालन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । हिमालयन आई.टि. ईन्स्टिच्युट, शैक्षिक विकास तथा युवा रोजगार फाउण्डेसन तथा किराँत राई विद्यार्थी संघ जिल्ला कार्य समितिलाई लोक सेवा आयोग तयारी कक्षा संचालनको लागि सम्झौता गरी

कार्यादेश दिएकोमा कति विद्यार्थीलाई कति अवधि पढाउने तथा सो बापत कति रकम भुक्तानी दिने नखुलाई सम्झौता गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

२९.१ शैक्षिक विकास तथा युवा रोजगार फाउण्डेसनले २० जनाको रु. ११०६२ का दरले रु. २५०००० भुक्तानी भएकोमा कहिले कति विद्यार्थीलाई पढाएको नखुलेको तथा सक्कल बिल समेत पेश नभएकोले पढाएको प्रमाण खुल्ने प्रमाण तथा सक्कल बिल पेश गर्नपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

२९.२ (७०५-२०८१-३-२४):

हिमालयन आई.टि. ईन्स्टिच्युटले पेश गरेको विद्यार्थीको हाजिरीमा अधिकतम ४० विद्यार्थीको हाजिरी देखिन्छ भने पेश गरेको बिलमा ६० जनाको प्रति विद्यार्थी रु. ५८३३ का दरले २० थान बिल बापत रु. ३५०००० भुक्तानी भएको देखिएकोले हाजिरी भन्दा बढि विद्यार्थी बापत भुक्तानी भएको रुकम रु. ११६६६० कट्टी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१६,६६० |

२९.३ (४६६-२०८१-१-२७):

किराँत राई विद्यार्थी संघ जिल्ला कार्य समितिलाई रु. ३००००० भुक्तानी गरेकोमा कहिले कति विद्यार्थीलाई पढाएको नखुलेको तथा बिल समेत पेश नगरी भुक्तानी गरेको देखिएकोले विद्यार्थी संख्या र मिति खुल्ने गरी पढाएको प्रमाण तथा बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३० **उपभोक्ता समितिको कार्यमा हेभि मेसिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

| भौ.नं./मिति | योजना | कन्स्ट्रक्सन कम्पनि | मेसिनलाई भुक्तानी रु. |
|---|---|---|---|
| ३९।२०८०।०९।२३ | खार्मी सडक मर्मत योजना | भिमा कन्स्ट्रक्सन | ३४०२६७ |
| ४४।२०८०।०९।२६ | वडा नं. ७ भित्रका सडक निर्माण तथा मर्मत | सुपर सौगात कन्स्ट्रक्सन प्रा.लि. | १००९७७ |
| ५८।२०८०।१०।१२ | मुडे तामाङ मलामी घर निर्माण तथा गुम्बा वातल सडक मर्मत योजना | मेरुङ्ग कन्स्ट्रक्सन प्रा.लि. | १००२५५ |
| ९१।२०८०।११।२४ | बाम्राङ शाखा सडक स्तरोन्नती तथा निर्माण योजना | सुपर सौगात कन्स्ट्रक्सन प्रा.लि. | ६८२९४५ |
| ९५।२०८०।११।२४ | वडा नं. १३ भित्रका ग्रामिण कृषि सडक स्तरोन्नती | सुपर सौगात कन्स्ट्रक्सन प्रा.लि. | ३२५२१३ |
| १०१।२०८०।१२।०१ | वडा नं. १३ किराँत चोक साम्ला सडक स्तरोन्नती | सुपर सौगात कन्स्ट्रक्सन प्रा.लि. | ६६११८५ |
| १४०।२०८०।१२।२२ | आहाले रेम्मीटार सडक विस्तार योजना | खोटाङ हलेसी कन्स्ट्रक्सन प्रा.लि. | ९९४०४० |
| १९३।२०८१।०२।०१ | बाम्राङ कट्टिदेखि बुइपा टारी सडक निर्माण | मोहन एण्ड ब्यासी गाउँ निर्माण सेवा | १३८६४०१ |

## ३१ उपभोक्ता समितिबाट खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । खरिद नियमावलीमा निर्माण कार्य वा सो सम्बन्धी सेवामात्र उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था रहेको देखिन्छ । पालिकाले देहायका कामको लागि उपभोक्ता समिति गठन गरी मेसिनरी औजार खरिद गरेको नियमसंगत देखिदैंन ।

| भौ.नं./मिति | उपभोक्ता समुह | भुक्तानी गरेको फर्म | खरिद गरेको सामान | रकम रु. |
|---|---|---|---|---|
| २८१।२०८१।०३।१७ | नमुना कृषि समुह नुनथला-१३ | खोटाङ्ग हलेसी सप्लायर्स | मेसिनरी औजार | २००००० |
| २८८।२०८१।०३।१८ | अजम्बरी कृषि तथा पशुपंक्षि फर्म नुनथला-१३ | खोटाङ्ग हलेसी सप्लायर्स | मेसिनरी औजार | २००००० |
| २९१।२०८१।०३।१८ | हँछा बहुउद्देश्यीय कृषि समुह | खोटाङ्ग हलेसी सप्लायर्स | मेसिनरी औजार | २००००० |
| **जम्मा** | | | | **६०००००** |

| अनियमित भएको | ६,००,००० |
|---|---|

## ३२ नुन्थला पार्क निर्माण

ठेक्का नं. 02/DRMM/NCB/W/2080/081, नुन्थला पार्क निर्माणको लागि मादी आर. के. डि. कन्स्ट्रक्सन कम्पनि प्रा.लि. लाई मिति २०८०।१०।०९ मा कबोल रकम रु. ६०२८८६२ मा सम्झौता गरी कार्यादिश दिएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

३२.१ जग्गा प्राप्ति ऐन, २०३४ (संशोधन २०७५) को दफा ३(क) मा प्रदेश वा स्थानीय तहद्वारा संचालन हुने परियोजनाका लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराईदिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ भन्ने व्यवस्था छ । पालिकाले पार्क निर्माण गरेको जग्गाको स्वामित्व किरात राई चाम्लिङ्ग राखामिहँछा उथान समाजमा रहेको देखिएको तथा संरचना निर्माणपछि त्यसको स्वामित्व, उपयोग तथा मर्मत संभार तथा आम्दानीका बिषयमा समाजसँग कुनै सम्झौता भएको नदेखिएकोले नगरपालिकाले जग्गा प्राप्त नगरी निर्माण कार्य गर्नु नियमसंगत देखिदैंन ।

| अनियमित भएको | ६०,२८,८६२ |
|---|---|

३२.२ चिल्डन पार्कमा टनेलसहितको बिग प्लेस्टेसन, र्याविट म्यारी गो राउण्ड सेट, सि स सेट र स्ट्याण्डसहितको बिग स्विङ्ग सेटको आपूर्ति तथा जडाको लागि रु. ३०००००० भुक्तानी भएकोमा स्थलगत अवलोकनका क्रममा निर्माणस्थलमा पहुँच बाटो सहज नभएको तथा निर्माण भएका अन्य संरचना समेत फिनिसिङ्ग नभएको देखिएको अवस्थामा बच्चाले प्रयोग गर्ने चिल्डन पार्कका नाममा सामाग्री खरिद गरी प्रयोजन विहिन देखिएकोले योजनावद्ध रुपमा निर्माण तथा अन्य सामाग्री व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

३३ **डिपिआर निर्माण**

विगत ३ बर्यमा पालिकाले डिपिआर निर्माणमा देहाय अनुसारको कार्य बापत रु. ४५३२५६० खर्च गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु यस देहाय अनुसार छन् ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | डि.पि.आर. गरेको आ.व. |
|---|---|---|---|---|---|
| कालिका भगवती मन्दिर र मझुवागढीको गुरुयोजना तथा डिपिआर | साउथ एसिएन टुरिज्म एडभाईजर्स एण्ड इन्जिनियरिङ कन्सल्टयान्ट प्रा.लि., सानेपा, ललितपुर | 15,00,000।- | 14,83,972।50 | 12,86,07,618।05 | आ.व. 2080।081 |
| रत्पार्क-बाम्राङ-बुईपा-बिजुले भञ्याङ सडक डिपिआर | प्रोडेस्क ईन्जिनियरिङ ईन्क. प्रा.लि.,नयाँबस्ती, काठमाडौं | 10,00,000।- | 9,87,750।- | 1,47,73,93,248।- | आ.व. 2079।080 |
| आहाले-दिखुवा दोभान-रेग्मिटार सडक डिपिआर | महुरी नेपाल प्रा.लि., अनामनगर, काठमाडौं | 10,00,000।- | 9,79,993।25 | 76,00,66,761।- | आ.व. 2079।080 |
| पेलुङ देखी वडा कार्यालय वास्तुङ बर्खेटार हुँदै साप्सुधापसम्म सडक डिपिआर | प्रिन्स्टाइन इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.,ललितपुर | 3,00,000।- | 2,96,625।- | 61,49,21,412।57 | आ.व. 2079।080 |
| थाम्बाचुङ-तुम्बाचुङ साकेलाथान डिपिआर | आचार्य सन्स बिल्डर्स एण्ड इन्जिनियरिङ प्रा.लि., दिक्तेल, खोटाङ | 3,00,000।- | 2,98,320।- | 8,27,14,646।- | आ.व. 2079।080 |
| सोल्मा बसपार्क डिपिआर | आर्टिस्टा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., धुम्बाराही, काठमाडौं | 5,00,000।- | 4,85,900।- | 16,76,96,009।84 | आ.व. 2078।079 |

३३.१ (७१८-२०८१-३-२४):

जग्गा वर्गिकरण कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका जग्गाहरुको वर्गिकरण, नक्साङ्कन लगायतका कार्यको लागि कबोल रकम रु. १४९७४०० मा म्यापर्स नेपाल प्रा.लि. सँगबाट परामर्श सेवा लिएकोमा कार्यालयले तयार पारेको लागत अनुमानमा जिओम्याटिक्स ईन्जिनियरको MD ७५ रहेको र सोही अनुसार बिओक्यु उपलब्ध गराएकोमा परामर्शदाताले पेश गर्दा बिओक्युको परिमाणभन्दा बढि MD ९० राखी पेश गरेको देखिएकोले बिओक्यु भन्दा बढि १५ दिनको दैनिक रु. २६०० का दरले रु. ३९००० असुल गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ३९,००० |
|---|---|

३३.२ (७१८-२०८१-३-२४):

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा नेपाल सरकार, संवैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बिस हजार रुपैंया भन्दा बढिको कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिसँग मात्र गर्नुपर्ने व्यवस्था छ । पालिकाले जग्गा वर्गिकरण कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका जग्गाहरुको वर्गिकरण, नक्साङ्कन लगायतका कार्यको लागि कबोल रकम रु. १४९७४०० मा म्यापर्स नेपाल प्रा.लि. सँगबाट परामर्श सेवा लिएकोमा परामर्शदाता संस्था २०८० पौषदेखि भ्याट विवरण नबुझाई नन्फाईलर (पान नं. ६०६६१२०१६) रहेको देखिएकोले कर कार्यालयबाट समायोजन पत्र पेश गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,९७,४०० |

३३.३ (३३५-२०८१-३-२३):

प्रस्ताव नं. ०१।DRMM।CS।२०८०।०८१, मझुवागढी देविस्थानको डिपिआर निर्माणको लागि साउथ एसियन टुरिजम एड्भाईजर्स एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. लाई कबोल रकम रु. १३१३२५० मा २०८०।०६।०७ मा सम्झौता भएकोमा पालिकाले तयार पारेको लागत अनुमानको बिओक्यूमा सिभिल ईन्जिनियरको संख्या २ जना र समयावधि १ महिना भएकोमा प्रस्तावदाताले २ जनाको २ महिनाको पेश गरी बिओक्यूको परीमाणभन्दा बढि हुने गरी प्रस्ताव पेश गर्दा बढि व्ययभार परेकोले सो रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२३,७५० |

## ३४ साकेला पार्क निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. ०६।DRMM।NCB।W।२०८०।०८१, साकेला पार्क निर्माणको लागि लागत अनुमान रकम रु. ४६१५७४० रहेकोमा रुपाकोट निर्माण सेवालाई कबोल रुकम रु. ४६०३३८१ मा २०८०।१२।२३ मा सम्झौता गर्दा विद्युतीय बोलपत्रको माध्यमबाट नगरी हार्ड कपी बोलपत्रद्वारा प्रतिष्पर्धा गराईएकोमा कबोल रकम देहाय अनुसार रहेको देखिन्छ ।

| बोलपत्रदादता | कबोल रकम रु. | छनौट भएको भन्दा फरक |
|---|---|---|
| रुपाकोट निर्माण सेवा | ४६०३३८१ | - |
| आर.एस. कन्स्ट्रक्सन | ४६०८१९३ | ४८१२ बढि |
| त्यार्पाचुङ्ग निर्माण सेवा | ४६०९२५२ | ५८७१ बढि |

उल्लिखित कबोल रकम तुलना गर्दा तिन वटा बोलपत्रदातासँग वास्तविक रुपमा प्रतिष्पर्धा भएको एकिन हुन सकिएन । बोलपत्र आह्वान गर्दा सम्भव भएसम्म विद्युतीय माध्यमबाट गरी खुला प्रतिष्पर्धा हुने गरी गर्नुपर्दछ ।

## ३५ प्रमाण पेश नगरेको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको कार्यमा खर्चलाई पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात पेश गरेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्दछ ।

३५.१ व्यवसायिक महिला कृषकहरुलाई पाईप वितरण कार्यक्रमको लागि ४२७ थान HDP PN-16 पाईप खरिद गरी हाम्रो एटुजेड अर्डर एण्ड सप्लायर्सलाई रु. ३४१७०० भुक्तानी गरेकोमा वितरण गरेको भरपाई वा प्रयोग भएको प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,७०० |

३५.२ (३२५-२०८१-३-२२):

वडा नं. ४ का शैक्षिक संस्था र वडा कार्यालयमा सिसिटिभि क्यामेरा जडानको लागि जेनन कम्प्युटर सप्लायर्सलाई रु. २९७००० भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिवेदन तयार नपारेको तथा कार्य सम्पन्न भएको प्राविधिक मूल्याङ्कन पेश गरेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,००० |

३५.३ (१०२-२०८०-१२-१):
मालपोत कार्यालय, दिक्तेलमा सिसिटिभि जडानको लागि जेनन कम्प्युटर सप्लायर्सलाई रु. १००००० भुक्तानी भएकोमा जडान भएको प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गरेको नदेखिएकोले जडान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

३५.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले देहायको भुक्तानी गर्दा सक्बल बिल पेश नगरी भुक्तानी गरेको देखिएकोले सक्कल बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| भौ.नं./मिति | कामको विवरण | भुक्तानी गरेको फर्म | रकम रु. |
|---|---|---|---|
| ७३६।२०८१।०३।२४ | सूचना प्रकाशन | माझखर्क साप्ताहिक | १७००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,००० |

३६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी १० लाखभन्दा बढि रकमको एउटै व्यक्ति, फर्म, कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले उल्लिखित सिमाभन्दा बढि हुने गरी देहायका फर्म/संस्थासँग खरिद गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालनामा सम्बन्धित कर्मचारीहरु जिम्मेवार हुनुपर्दछ ।

| भौ.नं./मिति | भुक्तानी गरेको फर्म | रकम रु. |
|---|---|---|
| विभिन्न | रसिक एण्ड रोहन सप्लायर्स | १९१९१०० |
| विभिन्न | आचार्य फोटोकपी एण्ड कम्प्युटर मर्मत केन्द्र | २२८०८८० |
| विभिन्न | पि.डि.के. घिमिरे टेड एण्ड सप्लायर्स | १४००८४० |
| विभिन्न | हाम्रो ए टु जेड अर्डर एण्ड सप्लायर्स | २१७७४४० |
| **जम्मा** | | **७७७८२६०** |

३७ **खरिद प्रक्रियाको पालना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, ऐनको दफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा मालसामान, निर्माण कार्य वा सेवाको स्पेसिफिकेसन, नक्सा, योजना तथा डिजाईन तयार गरी स्विकृत गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा

कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको खरिद गर्दा खरिद कानुनमा भएको व्यवस्थाको पालना गरेको नदेखिएकोले खरिद गरेको कार्य नियमसंगत देखिदैंन ।

| भौ.नं./मिति | कार्यक्रम | भुक्तानी गरेको फर्म | कैफियत | रकम रु. |
|---|---|---|---|---|
| २१२। २०८१। ०२।१४ | ल्यापटप, प्रिन्टर खरिद | आचार्य फोटोकपी एण्ड कम्प्युटर मर्मत सेन्टर | स्पेसिफिकेसन बनाउँदा ब्राण्ड नै तोकेको, लागत अनुमान स्विकृत नगरेको र स्पेसिफिकेशन अनुसारको सामान प्राप्त भए/नभएको सम्बन्धमा प्राविधिक मूल्यांकन तयार पारेको | ३९७००० |
| २३७। २०८१। ०२।३१ | वडा नं. १४ को लागि मोटरसाईकल खरिद | रोयल मोटर्स ईटहरी प्रा.लि. | लागत अनुमान तथा स्पेसिफिकेसन नबनाएको, कम्तिमा ३ वटा फर्महरुसँगबाट कोटेशन माग नगरिएको तथा प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार नगरेको | ५५०००० |

| अनियमित भएको | ९,४७,००० |
|---|---|

३८ **व्यवसायिक किवि खेती प्रवर्धन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । व्यवसायिक किवि खेती प्रवर्धनका लागि बिरुवा खरिद कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा बिरुवा वितरणको लागि २०८०।०८।२० मा सूचना प्रकाशन गरिएकोमा ९९ जनाको आवेदन परेको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

३८.१ बिरुवा खरिद बापत शितोष्ण फलफुल रुटस्टक विकास केन्द्रबाट रु. १०० का दरले ९००० थान खरिद गरिएकोमा रामहरि तिमिल्सिनालाई भुक्तानी गरेको देखिएकोले सम्बन्धित फर्मलाई भुक्तानी गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३८.२ सूचना प्रकाशन गरेकोमा ९९ जनाको आवेदन परेकोमा १९४ जनालाई ७८३६ थान बिरुवा वितरण गरेको देखिन्छ । आवेदन गरेको भन्दा बढि व्यक्तिलाई वितरण गरेकोले वितरण गर्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३८.३ (८४-२०८०-११-६):

खरिद गरिएका ९००० थान बिरुवा मध्ये ७८३६ थान मात्र बिरुवा वितरण गरेकोमा ११६४ थान बिरुवा बाँकी रहेको देखिन्छ र बाँकी बिरुवा सुरक्षितसाथ राखेको भन्ने पालिकाको भनाई रहेकोले बिरुवा वितरण गरेको वा प्रयोग भएको प्रमाण पेश गर्नपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,१६,४०० |
|---|---|

३९ **सरस्वती मा.वि. भवन निर्माण** (११३-२०८१-३-३१):

शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।०८१ को बुँदा नं. २.८.२ ङ मा विद्यालयमा संचालन हुने सम्पूर्ण निर्माण कार्यको प्राविधिक रेखदेख, अनुगमन र सुपरीवेक्षणको दायित्व स्थानीय तहको हुने र स्थानीय तहमा कार्यरत ईन्जिनियर/सव ईन्जिनियरहरु खटाई प्राविधिक सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ । संघीय सरकारको नमुना विद्यालयलाई प्राप्त हुने अनुदानबाट सरस्वती मा.वि. ले विद्यालय भवन निर्माणको लागि प्राविधिक कार्य गर्न खरिद प्रक्रियाको पालना नगरी हेड जियो ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. लाई परामर्शदाताको रुपमा राखी रु. ३३७०८४ भुक्तानी गरेको नियमसंगत देखिदैंन ।

| अनियमित भएको | ३,३७,०८४ |
|---|---|

४० **यलम्बर पार्क निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ भन्ने व्यवस्था छ ।त्यस्तै दफा

५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । ठेक्का नं. 11/DRMM/NCB/W/2077/078, यलम्बर पार्क निर्माणको लागि मिति २०७८।०३।२८ मा सम्झौता भई उमा बुवाचुङ्ग अन्सुबि जे.भि. लाई २०७९।०९।३० सम्म कार्य सम्पन्न गर्ने गरी रु. ११५८१६४४१ कबोल रकममा कार्यादेश दिएकोमा दुई पटक म्याद थप गरी सुरु अवधिको तुलनामा ११७ प्रतिशत कार्यावधि थप गरी २०८१।०६।३० सम्म पुर्याईएको देखिन्छ । पाचौं बिलको भुक्तानी भएकोमा हालसम्म रु. ७८२५६९०५ भुक्तानी भएकोमा ७० प्रतिशत भौतिक प्रगती भएको देखिन्छ । ३८ महिनामा ७० प्रतिशत काम भएको देखिन्छ भने लेखापरीक्षण अवधिसम्म १ महिना बाँकी रहँदा गर्नुपर्ने काम ३० प्रतिशत देखिन्छ । समयमा काम गरेको भए १ बर्ष ८ महिना पहिले काम सम्पन्न भई संरचना प्रयोगमा आईसक्नुपर्नेमा ११७ प्रतिशत समय थप गर्दा पनि ३० प्रतिशत काम गर्न बाँकी रहेको देखिएकोले बिना कारण म्याद थप नगरी निर्माण व्यवसायीलाई समयमै काम सम्पन्न गर्न लगाउने अन्यथा कानुन बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई काम गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४१ **कालिका भगवती तथा मझुवागढी सौन्दर्यकरण योजना**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. १, ४ र ५ स्थित देविस्थान सामुदायिक वन क्षेत्रमा प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत निर्माण भएको ठेक्का नं. 03।DRMM/NCB/W/2080/081, कालिका भगवती तथा मझुवागढी सौन्दर्यकरण योजनाको लागि मादी आर. के.डि. कन्स्ट्रक्सन कम्पनिलाई रु. ९६६६२८९ कबोल रकममा कार्यादेश दिएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

४१.१ कालिका भगवती तथा मझुवागढी सौन्दर्यकरण योजना अन्तर्गत रु. ९६६६२८९ लागतमा निर्माण गरिएको भ्यू टावरको फिनिसिङको काम बाँकी रहेको कुरा स्थलगत अवलोकनका क्रममा देखियो । प्राकृतिक रुपमा नै चारैतिर प्रस्ट रुपमा देख्न सकिने स्थानमा भ्यू टावर निर्माण गर्दा त्यसबाट कुनै मूल्य सृजना भएको देखिदैंन ।यस्ता संरचना निर्माण गर्दा त्यसबाट प्राप्त हुने उपलब्धि र उत्पादकत्वको समेत विचार गरी पालिकाले पूर्वाधार निर्माण कार्य गर्नुपर्दछ ।

४१.२ जग्गा प्राप्ति ऐन, २०३४ (संशोधन २०७५) को दफा ३(क) मा प्रदेश वा स्थानीय तहद्वारा संचालन हुने परियोजनाका लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराईदिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ भन्ने व्यवस्था छ । वन ऐन, २०४९ को दफा ६८ मा राष्ट्रिय प्राथमिकता प्राप्त योजना, राष्ट्रिय वन क्षेत्र प्रयोग नगरी नहुने अवस्था सृजना भएको वा वन क्षेत्र प्रयोग गर्ने बाहेक अन्य विकल्प नभएको तथा योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय असर नपर्ने प्रावधानहरु पालना गरी योजना निर्माण गर्न वन क्षेत्रको जग्गा माग गरेमा नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन वा धार्मिक भागको कुनै भाग प्रयोग गर्न स्विकृती दिन सक्ने व्यवस्था छ । देविस्थान सामुदायिक वन उपभोक्ता समुहले वन क्षेत्रमा ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक पर्यापर्यटन कार्यक्रम संचालन गर्नको लागि २०७९।१०।१० मा डिभिजन वन कार्यालयबाट पर्यापर्यटन सम्बन्धी कार्ययोजना स्विकृत गरेको देखिन्छ । नगरपालिकाले सामुदायिक वन उपभोक्ता समितिसँग कुनै सम्झौता तथा सहमती नगरी कालिका भगवती तथा मझुवागढी सौन्दर्यकरण योजना कार्यान्वियनमा ल्याएकोमा डिपिआर अनुसार रु. १२८६०७६१८ लागत लाग्ने अनुमान रहेको र यस बर्ष भ्यू टावर निर्माण वापत रु. ९६६६२८९ खर्च गरेको छ । सामुदायिक वन उपभोक्ता समुहसँग संरचना निर्माण पछि त्यसको स्वामित्व कसको हुने, प्राप्त हुने आम्दानी कसले कसरी उठाउने जस्ता कुराको निर्क्यौल नगरी तथा सामुदायिक वन क्षेत्रमा संरचना निर्माण गर्न नेपाल सरकारबाट स्विकृती लिनुपर्नेमा नलिई निर्माण कार्य गरेको देखिएकोले पालिकाले भौतिक संरचनाका काम गर्दा नियमानुसार जग्गा प्राप्तिपछि मात्र गर्ने गरी गर्ने तर्फ जिम्मेवार हुनुपर्दछ ।

४१.३ निर्माण सम्झौता २०८०।१०।०९ मा भएकोमा यस कार्यको लागि डिपिआर निर्माण गर्नको लागि रु. १३१३२५० लागतमा परामर्शदाता साउथ एसियन टुरिज्म एड्भाईजर्स एण्ड ईन्जिनियरीङ्ग कन्सल्टेण्ट प्रा.लि.बाट २०८१।०१।०६ मा प्रतिवेदन प्राप्त भएको

देखिन्छ । डिपिआर निर्माण पछि सोही आधारमा निर्माण कार्य हुनुपर्नेमा डिपिआर नबन्दै निर्माण कार्य सुरु गरेको देखिएकोले डिपिआरमा गरेको खर्चको उपादेयता हुने गरी कार्य गर्ने तर्फ पालिकाका पदाधिकारी जिम्मेवार हुनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटांग , दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका , खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dinesh Kumar Rai | २०८०-८-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राज कुमार राई | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१३५,७९५ | ९,७२२,९४६ | ४,२३०,६६० | ० | ० | १४,५७३,३३० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २९,६६२,७३१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,१६०,५४६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २८,५०२,१८५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०८८९७७३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६८९९४३००० | चालु खर्च | ६००५१६२१९ |
| प्रदेश सरकारबाट अनुदान | ४७६८५००० | पूँजीगत खर्च | २४१९३०२६० |
| राजश्व बाँडफाँट | १३७४५७१८६ | वित्तीय/अन्य व्यवस्था | ३१६४१५७०२ |
| आन्तरिक आय | १२३२४८५५ | | |
| अन्य आय | २४९८२८८५० | | |
| कुल आय | ११३७२३८८९१ | कुल खर्च | ११५८८६२१८१ |
| बाँकी मौज्दात | | ३९२६६४८३ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १४,३७,१५,०७८.३९ | ० | १४,३७,१५,०७८.३९ | १२,६६,४०,०५९.०१ | ० | १२,६६,४०,०५९.०१ |
| १३००० | अनुदान | ६६,६९,५०,२७१.८९ | ० | ६६,६९,५०,२७१.८९ | ६९,६३,७०,८८५.१९ | ० | ६९,६३,७०,८८५.१९ |
| १४००० | अन्य राजस्व | ६०,५४,७९४.४८ | ० | ६०,५४,७९४.४८ | ४६,९५,५०५.७६ | ० | ४६,९५,५०५.७६ |
| १५००० | विविध प्राप्ति | १२,१६७.८० | ० | १२,१६७.८० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ८१,६७,३२,३१२.५६ | | ८१,६७,३२,३१२.५६ | ८२,७७,०६,४४९.९६ | | ८२,७७,०६,४४९.९६ |
| २ | चालु | ६०,०५,१६,२१९.६६ | ० | ६०,०५,१६,२१९.६६ | ५९,६३,२९,९०४.५५ | ० | ५९,६३,२९,९०४.५५ |
| २१००० | पारिश्रमिक / सुविधा | ४०,२२,५९,९१७.५८ | ० | ४०,२२,५९,९१७.५८ | ४०,२२,०९,९८१.७५ | ० | ४०,२२,०९,९८१.७५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १८,७३,१३,०९४.०८ | ० | १८,७३,१३,०९४.०८ | १८,०२,२९,३६५.३० | ० | १८,०२,२९,३६५.३० |
| २७००० | सामाजिक सुरक्षा | ९९,४५,०८८.०० | ० | ९९,४५,०८८.०० | १,२६,७२,३३७.५० | ० | १,२६,७२,३३७.५० |
| २८००० | अन्य खर्च | ९,९८,१२०.०० | ० | ९,९८,१२०.०० | १२,१८,२२०.०० | ० | १२,१८,२२०.०० |
| ४ | पूंजीगत | २४,१९,३०,२६०.०० | ० | २४,१९,३०,२६०.०० | २३,८०,४५,२०५.०० | ० | २३,८०,४५,२०५.०० |
| ३१११० | भवन तथा संरचना | ३,२६,१३,८३०.०० | ० | ३,२६,१३,८३०.०० | ४,५४,१५,२०६.०० | ० | ४,५४,१५,२०६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,०२,२३,३६०.०० | ० | २,०२,२३,३६०.०० | १,९०,६२,२५०.०० | ० | १,९०,६२,२५०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १,१६,०५,२६०.०० | ० | १,१६,०५,२६०.०० | १,८३,८१,४०५.०० | ० | १,८३,८१,४०५.०० |
| ३११५० | सार्वजनिक निर्माण | १७,५७,०३,९१०.०० | ० | १७,५७,०३,९१०.०० | १५,४८,८६,३४४.०० | ० | १५,४८,८६,३४४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ३,००,०००.०० | ० | ३,००,०००.०० | ३,००,०००.०० | ० | ३,००,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १४,८३,९००.०० | ० | १४,८३,९००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ८४,२४,४६,४७९.६६ | | ८४,२४,४६,४७९.६६ | ८३,४३,७५,१०९.५५ | | ८३,४३,७५,१०९.५५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (२,५७,१४,१६७.१०) | | (२,५७,१४,१६७.१०) | (६६,६८,६५९.५९) | | (६६,६८,६५९.५९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (९५,१२,६८०.४८) | | (९५,१२,६८०.४८) | (६५,६९,६००.००) | | (६५,६९,६००.००) |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (३,५२,२६,८४७.५८) | | (३,५२,२६,८४७.५८) | (१,३२,३८,२५९.५९) | | (१,३२,३८,२५९.५९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,४४,९३,३३१.०६ | | ७,४४,९३,३३१.०६ | ७,४१,२७,०३२.६७ | | ७,४१,२७,०३२.६७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,९२,६६,४८३.४८ | | ३,९२,६६,४८३.४८ | ६,०८,८८,७७३.०८ | | ६,०८,८८,७७३.०८ |

## बेरूजु दफा २.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| **क) बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) जम्मा** | **१३४२६२** | **१०२८५५७३** | **९७५७२५४** | **६६२५८१** |
| स्थानीय तह सहयोग कार्यक्रम | ० | ३८०९९९.९८ | ३८०९९९.९८ | ० |
| सडक बोर्ड नेपाल | २ | ५४६९८४१ | ५३६७३३० | १०२५१३ |
| जिल्ला समन्वय समिति बाँडफाँड कोष | ८४२६० | ० | ० | ८४२६० |
| अपाङ्गता रोकथाम तथा पूनःस्थापना कोष | ० | ३७१७००० | ३४८०२२४.५ | २३६७७५.५ |
| एम्बुलेन्स संचालन कोष | ० | ५५४००० | ५२८७०० | २५३०० |
| नगर अस्पताल संचालन कोष | ० | १२८७३२ | ० | १२८७३२ |
| फुलैफुलको पहाड सहयोग कोष | ० | ३५००० | ० | ३५००० |
| विविध कोष खर्च खाता | ५०००० | ० | ० | ५०००० |
| **ख) स्थानीय तह विविध कोष खाता (ग ५-१) जम्मा** | **६८२३१८६** | **३७५१३३५** | **२१८८०२६** | **८३८६४९५** |
| कर्मचारी कल्याण कोष | ४७००००० | ० | ० | ४७००००० |
| महिला तथा बालबालिका कोष | २२५००० | ० | ० | २२५००० |
| मर्मत संभार विशेष कोष | १८९८१८६ | ३५६९३२० | २०५३२६० | ३४१४२४६ |
| भारी सवारी साधन संचालन कोष | ० | १८२०१५ | १३४७६६ | ४७२४९ |
| **ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष ग ७-२ जम्मा** | **८४६६२३** | **२४१३६५०** | **२२५६४३०** | **१००३८४३** |
| कोरोना भाईरस नियन्त्रण कोष | ७६६३५० | ० | ० | ७६६३५० |
| विपद् व्यवस्थापन कोष | ८०२७३ | १३२३६५० | ११६६४३० | २३७४९३ |
| दीर्घ रोगी औषधी उपचार तथा सोधभर्ना कोष | ० | १०९०००० | १०९०००० | ० |
| **कोष खाताको कुल जम्मा** | **७८०४०७१** | **१६४५०५५८** | **१४२०१७१०** | **१००५२९१९** |

## बेरूजु दफा २.४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| आयव्यय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| 1 | गत वर्षको जिम्मेवारी | | 60889773.1 | 1 | चालु खर्च | 600516220 | 600516220 |
| | क) संचित कोष खाता- बैंक | 45247705.08 | | 2 | पूँजीगत खर्च | 241930260 | 241930260 |
| | ख) कोष खाताको जिम्मेवारि | 7804071 | | 3 | वित्तीय व्यवस्था भुक्तानी | 0 | 0 |
| | ग) धरौटी जिम्मेवारी | 7837997 | | ४ | धरौटी फिर्ता | 2121855 | 2121855 |
| 2 | राजश्व (आन्तरिक आय) | | 149782041 | ५ | निकासा फिर्ता (संघतर्फ) | 61379854.61 | 61379854.61 |
| | क) आन्तरिक राजश्व | 12324854.91 | | ६ | निकासा फिर्ता (प्रदेश तर्फ) | 9297873.5 | 9297873.5 |
| | ख) राजश्व स्थानीय नगद | 383029.2 | | ७ | विभिन्न कोष तर्फको खर्च | 13111710.48 | 13111710.48 |
| | ग) राजश्व बाँडफाँड (केन्द्रीय) | 112368635.6 | | ८ | मौज्दात | | 19533538 |
| | घ) राजश्व बाँडफाँड (प्रदेश) | 20147497.93 | | | क) नगद मौज्दात | ० | |
| | ङ) राजश्व बाँडफाँड ( मालपोत) | 4558023 | | | ख) संचित कोष मौज्दात | 19533537.98 | |
| 3 | वित्तीय हस्तान्तरण संघ | | 689943000 | | (ग)धरौटी मौज्दात | 9680027 | 9680027 |
| | क) वित्तीय समानीकरण अनुदान | 131037000 | | ९ | विभिन्न कोष तर्फको मौज्दात | | 10052918.5 |
| | ख) सशर्त अनुदान | 536406000 | | | क) विपद् व्यवस्थापन कोष | 237493 | |
| | ग) समपूरक अनुदान | 9000000 | | | ख) कोरोना कोष | 766350 | |
| | घ) विशेष अनुदान | 13500000 | | | ग) कर्मचारी कल्याण कोष | 4700000 | |
| 4 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 47685000 | | घ) महिला, बालबालिका कोष | 225000 | |
| | क) वित्तीय समानीकरण अनुदान | 8968000 | | | ङ) मर्मत संभार विषेश कोष | 3414246 | |
| | ख) सशर्त अनुदान | 25717000 | | | च) सडक बोर्ड नेपाल | 102513 | |
| | ग) समपूरक अनुदान | 13000000 | | | छ) जि.स.स. कोषबाट प्राप्त रकम | 84260 | |
| ५ | विभिन्न कोष तर्फको आय | | 15360558 | | ज) विविध कोष खर्च खाता | 50000 | |
| | क) विपद् व्यवस्थापन कोष | 1323650 | | | झ) नगर अस्पताल संचालनकोष | 128732 | |
| | ख) मर्मत संभार विषेश कोष | 3569320 | | | ञ) अपाङ्ग रोकथाम तथा नियन्त्रण कोष | 236775.5 | |
| | ग) सडक बोर्ड नेपाल | 5469841 | | | च)एम्वबुलेन्स संचालन कोष | 25300 | |
| | | 128732 | | | | 47249 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) नगर अस्पताल संचालनकोष | | | | छ) सवारी साधन संचालन कोष | | |
| | ङ) अपाङ्ग रोकथाम तथा नियन्त्रण कोष | 3717000 | | | ज)फुलैफुलको पहाड संचालन कोष | 35000 | |
| | च)एम्वबुलेन्स संचालन कोष | 554000 | | १० | अन्तर सरकारी अख्तियारी खर्च | | 230504408 |
| | छ) सवारी साधन संचालन कोष | 182015 | | | क) पर्यटन पूर्वाधार विकास आयोजना | 1189000 | |
| | ज)फुलैफुलको पहाड संचालन कोष | 35000 | | | ख) गरिबसंग विश्वेश्वर कार्यक्रम | 415000 | |
| | झ) स्थानीय सहयोग कार्यक्रम | 380999.98 | | | ग) सामाजिक विकास कार्यक्रम | 360000 | |
| 7 | धरौटी आय | 3963885 | 3963885 | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 3675000 | |
| 8 | अन्तर सरकारी अख्तियारी | | 230504408 | | ङ) राष्ट्रपति महिला कार्यक्रम | 198000 | |
| | क) पर्यटन पूर्वाधार विकास आयोजना | 1189000 | | | च) सामाजिक सुरक्षा तथा संरक्षण | 224667408 | |
| | ख) गरिबसंग विश्वेश्वर कार्यक्रम | 415000 | | | | | |
| | ग) सामाजिक विकास कार्यक्रम | 360000 | | | | | |
| | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 3675000 | | | | | |
| | ङ) राष्ट्रपति महिला कार्यक्रम | 198000 | | | | | |
| | च) सामाजिक सुरक्षा तथा संरक्षण | 224667408 | | | | | |
| जम्मा | | 1198128665 | 1198128665 | | जम्मा | 1198128665 | 1198128665 |

## बेरूजु दफा ४.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- नगरपालिकामा निर्माणाधीन भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।